ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

**माननीय डा.महाबीर पुनज्यू,** मिति: २०८३/०२/०८

स्वतन्त्र सांसद, पूर्व शिक्षामन्त्री
एवं अध्यक्ष, राष्ट्रिय आविष्कार केन्द्र
सिंहदरबार, काठमाडौँ।

**विषय: ब्रिटिश गोर्खा र गोर्खा सन्ततिहरूको नागरिकता निरन्तरताका लागि पहल गरिदिने सम्बन्धमा।**

**महोदय,**
नेपालको विकास, नवप्रवर्द्धन र राष्ट्रिय स्वाभिमानका लागि तपाईंले पुर्‍याउनुभएको योगदानप्रति हामी सदैव नतमस्तक छौँ। तपाईंको निष्ठा र निस्वार्थ सेवाले गर्दा नै आम नेपालीले तपाईंलाई एक भरोसायोग्य र तार्किक जनप्रतिनिधिका रूपमा स्वीकार गरेका छन् ।आ हामी एउटा अत्यन्तै संवेदनशील र राष्ट्रिय महत्त्वको विषय **“गोर्खा नागरिकताको निरन्तरता”** तर्फ यहाँको विशेष ध्यानाकर्षण गराउन चाहन्छौँ।

ब्रिटिश गोर्खाहरूले विश्वयुद्धदेखि आजसम्म नेपालको शिर उच्च राख्न र देशको अर्थतन्त्रमा ठूलो टेवा पुर्‍याउन रगत र पसिना बगाएका छन् । तर, विडम्बना ! आज तिनै वीर गोर्खाहरू र उनीहरूका सन्ततिहरूले आफ्नो पुर्ख्यौली भूमिको नागरिकता त्याग्नुपर्ने वा खोसिने जटिल अवस्था सिर्जना भएको छ।

**यस सम्बन्धमा हाम्रा मुख्य माग र तर्कहरू निम्न रहेका छन्।**

**ऐतिहासिक तथ्य:** नेपालको सार्वभौमिकता जोगाउन सन् **१८१६ को सुगौली सन्धि र सन् १९४७ को त्रिपक्षीय सम्झौता** बमोजिम बेलायती फौजमा पठाइएका गोर्खाहरूको नागरिकता निरन्तरताको पूर्ण जिम्मा नेपाल सरकारले लिनुपर्छ। राज्यकै निर्णय र सन्धि बमोजिम सैन्य सेवामा गएका नागरिकहरूले सेवाका क्रममा विदेशी नागरिकता लिनुपर्दा उनीहरूको वंशजको नेपाली नागरिकता खारेज हुनु न्यायसंगत छैन। यसले राज्यले आफ्ना नागरिकको अस्तित्व र पहिचानलाई बेवास्ता गरेको देखिन्छ।

**संवैधानिक र कानुनी संशोधन:** वर्तमान संविधान र संघीय कानुनका कतिपय प्रावधानहरू 'एक पटकको नेपाली, सधैँको नेपाली' भन्ने मूल मर्मलाई सम्बोधन गर्न चुकेका छन्। अतः ऐतिहासिक सन्धि-सम्झौताका आधारमा वैदेशिक सैन्य सेवामा गएका ***“ब्रिटिश गोर्खा र तिनका सन्ततिहरूले कार्य प्रकृतिका कारण विदेशी नागरिकता ग्रहण गरे तापनि उनीहरूको 'वंशजको नेपाली नागरिकता' यथावत् रहने र विदेशमा जन्मने भावी सन्ततिहरूले समेत वंशजकै आधारमा नेपाली नागरिकता प्राप्त गर्नेछन्"*** भन्ने स्पष्ट संवैधानिक सुनिश्चितता गर्न तत्काल अपरिहार्य देखिएको छ।

**राष्ट्रिय हित र योगदान:** विदेशमा रहेका गोर्खाहरूको सीप, पुँजी र अनुभवलाई नेपालको समृद्धिमा जोड्न उनीहरूलाई कानुनी रूपमै मातृभूमिसँग आबद्ध राखिरहनु पर्दछ।

# ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
## British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

**माननीयज्यू,**
तपाईं जस्तो तार्किक, स्पष्ट वक्ता र स्वयम् गोर्खा समुदायकै गौरवशाली व्यक्तित्वले संघीय संसद्मा यो आवाज उठाउँदा त्यसको प्रभाव निकै गहिरो र निर्णायक हुनेछ । सरकार र संसद्लाई यो विषयमा गम्भीर बनाउन र आवश्यक कानुन संशोधनका लागि विशेष भूमिका निर्वाह गरिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौँ।

**साथै अर्को बिषय :** हाल ब्रिटिश गोर्खाहरुले प्राप्त गर्ने मासिक पेन्सन स्टर्लिङ पाउण्डबाट भारतीय मुद्रा (INR) मा रूपान्तरण भई स्ट्यान्डर्ड चार्टर्ड बैंकमार्फत नेपाली रुपैयाँमा भुक्तानी हुने गरेको छ । यो प्रक्रियालाई परिमार्जन गरी सिधै नेपाल राष्ट्र बैंकमा पाउण्ड स्टर्लिङ जम्मा भई नेपाली रुपैयाँमा भुक्तानी हुने व्यवस्था मिलाउनु अपरिहार्य देखिन्छ । यसो भए नेपाल सरकारलाई प्रत्यक्ष वैदेशिक मुद्रा सञ्चितिमा टेवा पुग्ने छ। यसैगरी भारतीय मुद्रा हुँदै नेपाल भित्रिँदा हुने दोहोरो सटही शूल्क (Double Conversion Charge) हट्दा भूपू गोर्खाहरुलाई पनि केही राहत हुनेछ। त्यसैले यस्का लागी समेत बिशेष पहल गरिदिन अनुरोध गर्न चाहन्छौं।

**अन्त्यमा,**
नेपाल आमाका लागि बलिदानी दिएका यी वीर ब्रिटिश गोर्खा समुदाय लाई आफ्नै देशमा 'विदेशी' हुनबाट जोगाउन तपाईंको एउटा दृढ कदम निर्णायक बन्नसक्छ। हामीलाई विश्वास छ, तपाईंले न्याय र राष्ट्रियताको यो लडाइँमा गोर्खाहरुलाई एक्लो छोड्नुहुने छैन। धन्यवाद
**द्रष्टव्य:** यस पत्रका साथ हाम्रो विस्तृत प्रस्तावना (Position Paper) समेत संलग्न गरिएको छ।


**फुर्बा गर्ज शेर्पा**
संयोजक - नेपाल
BGNCCC-UK /Nepal
Mob: 977-9861748173
phurba.sherpa3547@gmail.com

**होम किरात सुनुवार**
महा सचिव - यूके/नेपाल
BGNCCC-UK /Nepal
Mob: 9811550496
hom30@hotmail.co.uk

**सन्तोष थलङ**
प्रमुख संयोजक - यूके/नेपाल
BGNCCC-UK /Nepal
Mob: 044-7961830312 (UK)
sthalang@yahoo.co.uk



WWW.BGNCCC.COM I BGNCCC-UK/Nepal Registered Number: 13120428 Established: July 6th 2014
Tel: Co-Ordinator BGNCC-UK/Nepal: +44 (0) 7340 465925, General Secretary: +44 (0) 7737 285313 Email: hom6130@gmail.com



| | | | |
|---|---|---|---|
| Chief Co-Ordinator UK/Nepal: | Mr Santosh Thalang | Co-Ordinator UK/Nepal: | Mr Hari Bahadur Gurung |
| General Secretary UK/Nepal: | Mr Hom Kirat Sunuwar | Co-Ordinator - Nepal: | Mr Phurba Garja Sherpa |
| Vice Co-Ordinator/MediaSec: | Mr Gopal Giri | Vice Co-Ordinator: | Mr Popiraj Rai |
| Vice Co-Ordinator: | Mr Dhan Ghale | Treasurer: | Mr Man Bahadur Limbu |
| Secretary: | Mr Hindu Kumar Moktan | Joint Treasurer: | Mr Guna Raj Rai |
| Joint Media Secretary: | Mr Nayandra Rai | Public Relations: | Mr Dilip Mohora |